## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/११/२२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | बुद्धिमान जैसी, बालेश्वर यादव, केशब थापा मगर, बाबुराम खनाल, ख्याम नारायण पौडेल, दिनेश न्यौपाने, आत्माराम लुईटेल, गुनीकाजी मानन्धर, योगेश्वर कृष्ण पराजुली, कृष्ण राज श्रेष्ठ, टंक बहादुर श्रेष्ठ, गोपालदाश मानन्धर, ववित मानन्धर, उज्जल मानन्धर, डा. ईश्वरलाल आचार्य, डा. दुर्गामान जोसी, श्रीमती दुर्गेस नन्दिनी भट्टचन तथा जग्गाधनीहरू ज्योत्सना जोशी समेत ३२ जना जग्गाधनीसमेत (मुद्दा नं. ०७७-CR-००६६) फैसला मिति २०८०।१०।१५ | गलत फाइल नक्सा समेत बनाई सरकारी जग्गालाई कम्पनीको जग्गामा घुसाई भ्रष्टाचार गरेको। | • राष्ट्रसेवक कर्मचारी बुद्धिमान जैसी, बालेश्वर यादव, केशब थापा मगर, बाबुराम खनाल, ख्याम नारायण पौडेल, दिनेश न्यौपाने र आत्माराम लुईटेलका हकमाः- उक्त जग्गाको नियम विपरीतको टायल चेक गर्ने, नक्सा संशोधन तथा कित्ता एकीकरण र गलत फाइल नक्सा तयार गर्ने कार्यमा संलग्न भई आफ्नो सार्वजनिक पद र ओहदाको दुरूपयोग गरी आफू र अन्य व्यक्तिलाई फाइदा र नेपाल सरकारलाई हानि नोक्सानी हुने गरी सरकारी जग्गा कम्पनीको नाममा घुसाई दर्ता गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले उक्त सार्वजनिक जग्गाको जम्मा क्षेत्रफल ८-१२-३-२ (आठ रोपनी बाह्र आना तीन पैसा दुई दाम) जग्गाको तत्कालीन समय आ.ब.०७०/०७१ मूल्याङ्कन अनुसारको मूल्य जम्मा रू.२,०२,३३,६७१.८८ (अच्छेरुपी दुई करोड दुई लाख तेत्तीस हजार छ सय एकहत्तर रूपैया पैसा अठासी) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र सोही दफा ८ को उपदफा (१) र दफा ४७ बमोजिम उक्त बिगो असुल उपर गरी पाउन ,<br>• यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि.,यूरो ल्याण्ड डेभलपर्स प्रा.लि.का संचालकहरू गुनीकाजी मानन्धर, योगेश्वर कृष्ण पराजुली, कृष्ण राज श्रेष्ठ, टंक बहादुर श्रेष्ठ, गोपालदाश मानन्धर, ववित मानन्धर र उज्जल मानन्धर, काठमाडौं अस्पताल प्रा.लि.का संचालकहरू डा. ईश्वरलाल आचार्य, डा. दुर्गामान जोसी, श्रीमती दुर्गेस नन्दिनी भट्टचनका हकमाः- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निजहरूलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी सोही दफा ८ को उपदफा (४) र दफा ४७ बमोजिम उक्त बिगो जफत समेत हुन<br>• हाल कायम जग्गाधनीहरू ज्योत्सना जोशी समेत ३२ जना जग्गाधनी तथा निजहरूको जग्गा समेतका | • यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि. का सञ्चालकहरु गुनीकाजी मानन्धर, योगेश्वरकृष्ण पराजुली, कृष्णराज श्रेष्ठ, टंकबहादुर श्रेष्ठ, गोपालदास मानन्धर, ववित मानन्धर र उज्वल मानन्धरको हकमाः-<br>• यी प्रतिवादीहरुले गलत मनसायले आफ्नो कम्पनीको नाममा खोला आसपासका जग्गाहरू खरिद गरी कर्मनासा (कोड्कु) खोलाको हरिसिद्धि १क को कि.नं. २०५, धापाखेल १क को कि.नं. १००५ र ऐ. १घ को कि.नं. ४८६ सार्वजनिक जग्गाको जम्मा क्षेत्रफल ५-९-०-० जग्गा उक्त कम्पनीको नामको जग्गामा घुसाई बढ कायम हुने गरी निर्णय गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) अन्तर्गतको कसूर गरेको ठहर्छ । उक्त बढ कायम भएका कित्ता जग्गाहरुको बिगो रु.१,२७,१०,३१२/५० को निज यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि.का सञ्चालक सात जना प्रतिवादीहरुलाई उक्त ऐनको सोही दफा ८ (४) अनुसार दामासाहीले हुने प्रति व्यक्ति रु.१८,१५,७५८/९३ जरिबाना हुने ठहर्छ ।<br>• उक्त कि.नं. १००५, २०५ र ४८६ बाट बढ कायम गरिएका जग्गाहरु हाल जुन जुन कित्ता नं. मा परेका छन् ती कित्ताका जग्गाहरूबाट क्षेत्रफल ५-९-०-० जग्गा हुने गरी उक्त ऐनको दफा ८(४) र दफा ४७ बमोजिम जफत हुने ठहर्छ ।<br>• अन्य राष्ट्रसेवक प्रतिवादीहरुले मिति | **• यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि.,यूरो ल्याण्ड डेभलपर्स प्रा.लि.का संचालकहरू गुनीकाजी मानन्धर, योगेश्वर कृष्ण पराजुली, कृष्ण राज श्रेष्ठ, टंक बहादुर श्रेष्ठ, गोपालदाश मानन्धर, ववित मानन्धर र उज्जल मानन्धरको हकमाः-**<br>• प्रस्तुत वारदातमा यूरो हाउजिङ्ग डेभलपर्स कम्पनी र यूरो ल्याण्ड डेभलपर्स प्रा.लि.का संचालकहरूले उक्त कर्मनासा खोलाको सार्वजनिक जग्गा लिनेखाने गलत मनसायले आफ्नो कम्पनीको नाममा सो खोला आसपासका जग्गाहरू खरिद गरी टायल चेकको निवेदन दिई नापी कार्यालय, ललितपुरले टायलचेक गर्दा निवेदनमा उल्लेख भएको जग्गामा सरकारी, सार्वजनिक, ऐलानी, पर्ती जग्गा पर्दैन भनी टायल चेक गरी मिति २०६४/०७/२२ गतेको पत्र समेत मालपोत कार्यालय, ललितपुरलाई पठाईएको र टायलचेक गरी यूरो हाउजिङ्ग डेभलपर्स कम्पनीको नाममा रहेको जग्गाको टायल चेकबाट जम्मा क्षेत्रफल ५-९-०-० जग्गा र यूरो ल्याण्ड डेभलपर्स प्रा.लि.को नाममा रहेको जग्गाको टायल चेकबाट जम्मा क्षेत्रफल ४-१२-०-२ जग्गा बढ कायम गरी बढ कायम भई आएको जग्गाको लाग्ने नियमानुसार राजश्व, मालपोत र सेवा दस्तुर समेत असुल गर्नू भनी मिति २०६४।०८।२० मा मालपोत कार्यालय, ललितपुरबाट निर्णय समेत भएको मिसिल संलग्न मालपोत कार्यालय ललितपुरबाट प्राप्त छुट्टा छुटै तामेली मिसिलहरुबाट देखिएको।<br>• उक्त मिति २०६४।०८।२० को निर्णय पश्चात उक्त कम्पनीहरुको नाममा रहेको केही कित्ता जग्गाहरु काठमाडौं अस्पताल प्रा.लि.लाई विक्रि समेत गरी उक्त कम्पनीहरुको तर्फबाट पुनः मिति २०६९/१०/११ गते सो जग्गाहरुको भोग बमोजिमको नक्सा तयार गरी कित्ता एकीकरण समेत गरिपाउँ भनी निवेदन पारी उक्त कम्पनीहरुको नामको विभिन्न कित्ता जग्गामा कर्मनासा (कोड्कु) खोलाको उक्त कि.नं. २०५, कि.नं. १००५ र कि.नं. ४८६ को जग्गाबाट जम्मा क्षेत्रफल ८-१२-३-२ सरकारी/सार्वजनिक जग्गा उक्त कम्पनीको नामको जग्गामा घुसाई साविकको सर्भे नक्साको स्वरुपमा नै परिवर्तन गरी फायल नक्सा बनाउने, जग्गाको कित्ता एकीकरण गर्ने र उक्त जग्गाको दर्ता श्रेष्ता समेत उपलब्ध गराउने गरी मिति २०७०।०६।२३ मा मालपोत कार्यालय, ललितपुरबाट निर्णय भएको देखिएकोमा उक्त हाउजिङ्ग कम्पनीका सञ्चालक प्रतिवादीहरुलाई जम्मा क्षेत्रफल ५-९-०-० सरकारी/सार्वजिनक जग्गामात्र घुसाई मिलाई कप्पनीको नाममा दर्ता गरेको भनि जफत हुने ठहर गरी फैसला गरेको देखिन्छ । उक्त जग्गाको सविकको सर्भे नक्सा, हालको नक्सा, दर्ता श्रेष्ताको प्रतिलिपीहरु, सार्वजनिक जग्गा मिसिएको क्षेत्रफल सहितको जग्गाको कित्ताको विवरण सहितको नापी कार्यलय ललितपुरको पत्र, नापीको प्राविधिक समेत भएर उक्त जग्गाको स्थलगत निरीक्षण गर्दा नक्शामा खोला रहेको ठाँउमा खोला नभएको, ०३२ सालमा खोलामा बाढी आएपछि खोलाले धार परिवर्तन गरी पानी सुकिसकेपछि स्थानीयहरुले खोलाको जग्गा सम्याइ खेतापाती गर्दै आएकोमा यूरो हाउजिङ प्रा.लि. समेतले उक्त विवादित जग्गाहरु खरिद गरी साविकमा खोलाले ओगटेको भू भाग लाई समेत समेटी जग्गा दर्ता गर्ने र प्लानिङ गरी बेचविखन गर्ने पूर्व नियोजित मनसायका साथ जग्गा खरिद गरी लिएको पाइएको र सोही भनाई स्थानीयहरुले समेत वताएका थिए भनी प्रतिवेदक रेशम बहादुर पराजुली समेतले दिएको स्थलगत प्रतिवेदन तथा सोही बेहोराको बकपत्र समेतका कागज प्रमाणहरुबाट कर्मनासा खोलाको उक्त कि.नं. २०५, १००५ र ४८६ का सार्वजनिक जग्गाबाट जम्मा क्षेत्रफल ८-१२-३-२ (आठ रोपनी बाह्र आना तीन पैसा दुई दाम) सार्वजनिक जग्गा उक्त कम्पनीहरुको नामको जग्गामा घुसाई सो जग्गाको कित्ता एकीकरण समेत गरी संसोधित फायल नक्सा बनाई जग्गाधनी दर्ताश्रेष्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हकमाः- निजहरूको भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसूरमा संलग्नता नभएतापनि सो सार्वजनिक जग्गा कानून बमोजिम जफत गर्ने प्रयोजनार्थ मात्र उक्त सरकारी सार्वजनिक जग्गा हाल निजहरुको नाममा दर्ता रहे, भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को ४७ बमोजिम उक्त सार्वजनिक खोलाको जग्गा जफत गरी नेपाल सरकारको नाममा कायम गरी पाउन मागदाबी लिई प्रतिवादी कायम गरि विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको | २०६४।०८।२० निर्णय निर्णयको कार्यान्वयन सम्म गरेको देखिएकोले निज प्रतिवादीहरूले आरोप दाबीबाट सफाइ पाउने ठहर्छ ।<br>• प्रतिवादीहरु काठमाडौं हस्पिटल प्रा.लि.का सञ्चालक डा. ईश्वरलाल आचार्य, डा. दुर्गामान जोशी र दुर्गेशनन्दिनी भट्टचनले उक्त जग्गा बढ कायम गर्ने गरी मालपोत कार्यालय, ललितपुरबाट मिति २०६४/०८/२० मा निर्णय भए पश्चात यी प्रतिवादीहरु काठमाडौं हस्पिटल प्रा.लि.का सञ्चालक डा. ईश्वरलाल आचार्य, डा. दुर्गामान जोशी र दुर्गेशनन्दिनी भट्टचनले उक्त जग्गा खरिद गरेको देखिन आएकोले निज प्रतिवादीहरूले जग्गाको क्षेत्रफल बढाइ लाभ प्राप्त गरेको नदेखिंदा आरोप दाबीबाट सफाइ पाउने ठहर्छ। | समेत तयार गरेको देखिई उक्त कर्मनासा खोला रहेको सरकारी/ सार्वजनिक जग्गाबाट जम्मा क्षेत्रफल ८-१२-३-२ (आठ रोपनी बाह्र आना तीन पैसा दुई दाम) सरकारी/सार्वजनिक जग्गा उक्त कम्पनीहरुको नाममा रहेको जग्गामा घुसाएको निर्विवाद रुपमा पुष्टि हुन आएको छ ।<br>• मिसिल संलग्न जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी समेतका कागजातबाट उक्त जग्गाहरु यूरो हाउजिङ्ग डेभलपर्स कम्पनी र यूरो ल्याण्ड डेभलपर्स प्रा.लि.का नाममा २०६२/०६३ सालमा उक्त कम्पनीहरुले विभिन्न व्यक्तिको नामबाट खरिद गरेको देखिएको र उक्त जग्गाहरुको २०४४/०४५ सालमा सर्भे नापी हुँदा साविकका जग्गाधनीहरुले कहिल्यै पनि आफ्नो भोग बढि भएको भनि कहीं कतै दावी जिकिर निवेदन समेत सम्बन्धित कार्यालयमा पेश गरेको देखिदैन । २०६२/०६३ सालमा जग्गा खरिद गर्ने उक्त कम्पनीहरु जसको स्वामित्व भोग नै जग्गा नापजाँच भएको निकै समय पश्चात जग्गा खरिद मार्फत प्राप्त गर्नेले वढ जग्गा दावी गरिएको र त्यसमा पनि सरकारी सार्वजनिक खोला नदी किनारका पर्ति वगर जग्गामा दावी गर्नु स्वयंमा गैर कानूनी लाभ प्राप्त गर्ने उद्देश्यबाट पूर्व नियोजित योजना मुताविक कम्पनिको तर्फबाट निवेदन दिई गरे भएका काम कारवाहीलाई सुक्ष्म अध्ययन विश्लेषण नै नगरी हचुवाको भरमा जम्मा क्षेत्रफल ५-९-०-० जग्गा मात्र सर्वजनिक जग्गा घुसाएको भनी उक्त जग्गाको मात्र विगो कायम गरी जरिवाना गर्ने र उक्त जम्मा क्षेत्रफल ५-९-०-० जग्गा मात्र जफत हुने ठहर गरी भएको विशेष अदालतको फैसला यी प्रतिवादीहरुको हकमा सो हद सम्म त्रुटिपूर्ण भएकोले वदर गरी यी प्रतिवादीहरुलाई समेत आरोप दावी बमोजिमको विगो कायम गरी सजाय हुन र उक्त जम्मा क्षेत्रफल ८-१२-३-२ (आठ रोपनी बाह्र आना तीन पैसा दुई दाम) सार्वजनिक जग्गा जफत गरिपाउँ ।<br>• **काठमाडौं अस्पताल प्रा.लि.का संचालकहरू डा. ईश्वरलाल आचार्य, डा. दुर्गामान जोसी, श्रीमती दुर्गेस नन्दिनी भट्टचनको हकमाः–**<br>• प्रस्तुत मुद्दामा अनुसन्धानको सिलसिलामा प्राप्त हुन आएका मिसिल संलग्न कागजातहरू, नापी कार्यालय ललितपुरबाट प्राप्त फिल्डबुक, प्लट रजिष्टर, नक्सा, मालपोत कार्यालय ललितपुरबाट प्राप्त जग्गाधनी दर्ता श्रेस्ता र नक्सा संशोधन तथा जग्गा एकीकरण सम्बन्धी निर्णय तथा मिसिल संलग्न कागजातहरु, प्रतिवेदक रेशम बहादुर पराजुली समेतले गरेको बकपत्र, हालका जग्गाधनीहरूले गरेको बयान ब्यहोरा, फिल्ड प्रतिबेदन समेतका आधार प्रमाण र कागजातहरुबाट उक्त कर्मनासा (कोड्कु) खोलाको जग्गा लिनेखाने गलत मनसायले सो खोलाको आसपासको जग्गा यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि., यूरो ल्याल्ड डेभलपर्स प्रा.लि. नाममा खरिद गरी मालपोत तथा नापी कार्यालयमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूसंग एकआपसमा मिलेमतो तथा गैरकानूनी रूपमा उक्त कम्पनीको जग्गाको टायल चेक गर्दा सो सार्वजनिक खोलाको जग्गा पर्ने भएतापनि सार्वजनिक जग्गा नपर्ने भनी बदनियत पूर्वक उक्त कर्मनासा खोलाको जग्गालाई बढ जग्गा कायम गरी ऐलानी, पर्ती, सार्वजनिक जग्गा नपर्ने भनी नापी कार्यालयबाट लेखी पठाएको र उक्त क्षेत्रफल बढ कायम भएको जग्गाको राजश्व, मालपोत दस्तुर समेत असुल गर्ने गरी मिति २०६४।०८।२० मा मालपोत कार्यालय, ललितपुरबाट निर्णय गरिएको देखिन्छ ।<br>• उक्त हाउजिङ्ग कम्पनीहरुको नाममा रहेको केही कित्ता जग्गाहरु काठमाडौं अस्पताल प्रा.लि.ले २०६५।११।०४ तथा मिति २०६६।१२।०३ समेतमा खरिद गरेको मिसिल संलग्न जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी समेतका कागजातबाट देखिन्छ । सर्भे नापी हुँदाका वखत साविकका जग्गाधनीहरुले आफ्नो भोग बढि भएको भनि कहीं कतै दावी जिकिर निवेदन समेत पेश गरेको नदेखिएको अवस्थामा २०६५/०६६ सालमा जग्गा खरिद गर्ने उक्त प्रा ली ले जग्गा खरिद मार्फत जग्गाको स्वामित्व भोग प्राप्त गरेकोमा वढ जग्गा दावी गरिएको र त्यसमा पनि सरकारी सार्वजनिक खोला नदी किनारका पर्ति वगर जग्गामा दावी गर्नु स्वयंमा गैर कानूनी लाभ प्राप्त गर्ने उद्देश्यबाट पूर्व |

नियोजित योजना मुताविक गरिएको प्रष्ट छ । उक्त काठमाडौं अस्पताल प्रा.लि.ले जग्गा खरिद गरेको लामो समय पश्चात मिति २०६९/१०/११ गते उक्त प्रा लि ले खरिद गरेका जग्गाहरुको भोग बमोजिमको नक्सा तयार गरी कित्ता एकीकरण समेत गरिपाउँ भनी निवेदन पारी नापी तथा मालपोत कार्यालय ललितपुरका कर्मचारीहरु, यूरो ल्याण्ड डेभलपर्स प्रा.लि., यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि. र काठमाडौं हस्पिटल प्रा.लि.का संचालक समेतको मिलेमतो र प्रत्यक्ष संलग्नतामा गैरकानूनी रुपमा साविकको सर्भे नक्साको स्वरुपमा नै परिवर्तन गरी कर्मनासा खोलाको उक्त कित्ता जग्गाहरु उक्त कम्पनीको नामका जग्गाहरुमा घुसाई भोग बमोजिमको भनि फायल नक्सा बनाउने, जग्गाको कित्ता एकीकरण गर्ने र उक्त जग्गाको दर्ता श्रेष्ता समेत उपलब्ध गराउने गरी मिति २०७०।६।२३ मा मालपोत कार्यालय ललितपुरबाट गैरकानूनी निर्णय गरी उक्त कर्मनासा खोलाको जम्मा क्षेत्रफल ८-१२-३-२ सरकारी\सार्वजनिक जग्गा उक्त कम्पनीहरुको नामका जग्गामा घुसाई सार्वजनिक/सरकारी जग्गा हानि नोक्सानी हुने र व्यक्ति विशेषलाई गैरकानूनी लाभ एवं प्रत्यक्ष फाइदा पुऱ्याउने कार्य गरेको देखिएको र उक्त भोग बमोजिमको नक्सा बनाई कित्ता एकीकरण समेत गर्ने गरी गरिएको निर्णय मिति २०६४।०८।२० मा मालपोत कार्यालय, ललितपुरबाट जग्गा वढ कायम गर्ने गरी गरिएको निर्णयको आधारमा भएको नभई पुनः छुटै निर्णय भई उक्त काठमाडौं हस्पिटल प्रा.लि.को नाममा भोग अनुसारको भनि जग्गाको कित्ता एकीकरण समेतको निर्णयबाट सरकारी जग्गा समेत घुसाई फायल नक्सा तयार गरी जग्गाधनी प्रमाणपुर्जा समेत उपलब्ध गराएको देखिएको मिसिल संलग्न सबुद प्रमाणबाट निर्विवाद रुपमा पुष्टि हुन आएकोमा उक्त काठमाडौं हस्पिटल प्रा.लि. का सञ्चालक प्रतिवादीहरुले २०६४ भन्दा पछि जग्गा खरिद गरेको देखिएको भनि तथ्यलाई अपव्याख्या गरी सफाई दिने ठहर गरी भएको फैसला सरासर त्रुटीपूर्ण रहेको।

- **राष्ट्रसेवक कर्मचारी प्रतिवादीहरु बुद्धिमान जैसी, बालेश्वर यादव, केशब थापा मगर, बाबुराम खनाल, ख्याम नारायण पौडेल, दिनेश न्यौपाने र आत्माराम लुईटेलको हकमाः-**
- यी प्रतिवादीहरुको प्रस्तुत वारदातमा संलग्नता सम्वन्धमा हेर्दा, २०२१ र २०२२ सालका विभिन्न मितिमा सर्भे नापी भई फिल्डबुकमा खोला जनिएको र सोही कित्ताहरूमा बगिरहेको सो कर्मनासा खोलाले २०३२ सालमा धार परिवर्तन गरी धापाखेल गा.वि.स. हाल बगिरहेको स्थानमा पुगेपछि पहिला सो खोला बगिरहेको हरिसिद्धि गा.वि.स. वडा नं. १ तर्फको स्थानमा खोलाको पानी सुक्न गई सो जग्गा आसपासका जग्गा धनीहरूले खोला सम्याई खेती आवादी गरेकोमा शुरूमा एउटै व्यक्ति गुनीकाजी मानन्धर दुई फरकफरक कम्पनी यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि. र यूरो ल्याण्ड डेभलपर्सका संचालकहरूले सो खोला आसपासको हरिसिद्धि १क को कि.नं. १५४, १५५ लगायतका बिभिन्न कित्ता जग्गा र धापाखेल १ख को कि.नं. १९६०, १९६१ लगायतका जग्गा खरिद गरी आफ्नो बनाइसके पछि नापी तथा मालपोत कार्यालयका कर्मचारीहरूसंग मिलेमतो गरी टायलचेक तथा कित्ता एकीकरण र नक्सा संशोधनका नाममा आफ्नो कम्पनीका नाममा सरकारी सार्वजनिक जग्गा घुसाई जग्गा बढाई बिक्री गरी नाफा आर्जन गर्न सकिन्छ भन्ने गलत सोच, मनसाय र पूर्वयोजनाका साथ सरकारी सार्वजनिक जग्गा घुसाई गैर कानूनी तवरले व्यक्ति विशेष प्रा लि का नाममा वढी जग्गाको श्रेष्ता प्रमाण बनाई गैरकानूनी लाभ लिने दिने र सरकारी सम्पती हानी नोक्सानी गर्ने वदनियतपूर्ण योजना साथ लागेको देखिन्छ । यसै गरी सो स्थान आसपासका जग्गा उक्त कम्पनीका नाममा जग्गा खरिद गरी २०६४ सालमा टायल चेकको निवेदन दिई नापी कार्यालय, ललितपुरका तत्काल कार्यरत कर्मचारीहरू नापी अधिकृत भिष्म कार्की र सर्भेक्षक केशब थापासमेतको मिलेमतोमा सो खोलाको जग्गा कम्पनीको नामको जग्गामा घुसाई बढी जग्गा कायम गरे गराएको र २०६६ सालमा आएर सो यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि.का अध्यक्ष संचालक गुनीकाजी मानन्धर र काठमाडौं हस्पिटल प्रा.लि.का संचालक अध्यक्ष डा.

श्याम बहादुर कर्माचार्यसमेतका संचालक एकआपसमा मिलेमतो गरी गैरकानूनी रुपले सो जग्गाको नक्सा संशोधन तथा कित्ता एकीकरण गर्ने प्रयास गरेकोमा बिविध कारणले सफल नभएको भन्ने यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि.ले २०६९ सालमा भोगअनुसारको नक्सा संशोधन तथा कित्ता एकीकरण गरी पाँउ भनी मालपोत कार्यालय, ललितपुरलाई लेखेको निवेदन तथा सो कम्पनीको म्याइनुटिङ्गबाट स्पष्ट देखिन्छ । यस अवस्थामा उल्लेखित प्रा लि का सञ्चालकहरुले सो विविध कारण भनेको केहो भन्नेतर्फ बिचार गर्दा २०६४ सालमा टायल चेकको नाममा सो जग्गा बढ कायम गर्ने नापी कार्यालय, ललितपुरका सर्भेक्षक केशब थापा मगर सो स्थानबाट सरुवा भई अन्यत्र कार्यालयमा गएको र अन्य कर्मचारीलाई मिलाउन, गर्न नसकिएको हो भन्ने तथ्य २०६९ सालमा निजै सर्भेक्षक केशब थापा मगर नापी कार्यालय, ललितपुरमा पुनः सरुवा भई आई सकेपश्चात यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि. तथा काठमाडौं हस्पिटल प्रा.लि. २०६६ सालमा सम्पन्न नभएको सो गैरकानूनी कामलाई सम्पन्न गर्ने क्रममा सो कम्पनीहरूको तर्फबाट पुनः नक्सा संशोधन तथा कित्ता एकीकरणको लागि मालपोत कार्यालय, ललितपुरमा मिति २०६९/१०/११ गते निवेदन दिएको देखिएकोमा सो पश्चात उक्त जग्गाको भोग अनुसारको भनी छुटै फायल नक्सा बनाउने, उक्त कित्ता जग्गाहरुको नक्सा एकीकरण गरी नयाँ कित्ता कायम गर्ने गरी उक्त मालपोत कार्यालय, ललितपुरमा तत्काल कार्यरत कर्मचारी उपसचिव बाबुराम खनाल, ना.सु. ख्याम नारायण पौडेल, ना.सु. दिनेश नेउपाने, खरिदार आत्माराम लुइटेलसमेतको मिलेमतोमा उक्त कर्मनासा खोलाको कि.नं. २०५, १००५ र ४८६ को सरकारी जग्गा समेत घुसाई मिति २०७०/०६/२३ गतेको टिप्पणी आदेशबाट सो फाईल नक्सालाई सदर गरी सोको आधारमा जग्गाधनी दर्ता श्रेस्तासमेत उपलब्ध गराउने गरी निर्णय गरेको देखिएको र उक्त भोग बमोजिमको नक्सा बनाई कित्ता एकीकरण समेत गर्ने गरि गरिएको निर्णय मिति २०६४।०८।२० मा मालपोत कार्यालय, ललितपुरबाट जग्गा वढ कायम गर्ने गरी गरिएको निर्णयको आधारमा भएको नभई पुनः छुटै निर्णय भई उक्त हाउजिङ्ग कम्पनीहरुको नाममा भोग अनुसारको भनि जग्गाको कित्ता एकीकरण समेतको निर्णयबाट सरकारी जग्गा समेत घुसाई फायल नक्सा तयार गरी जग्गाधनी प्रमाणपुर्जा समेत उपलब्ध गराएको देखिएकोमा माथी उल्लिखित वस्तुगत कसूरजन्य कार्यको विशेष अदालतबाट कुनै ब्याख्या विश्लेषण नगरी,मिसिल संलग्न सबुद प्रमाण नहेरी भएको फैसला त्रुटीपूर्ण छ ।

- मालपोत ऐन, २०३४ को दफा ८क(२) मा "जग्गाको वास्तविक स्थिति र नापी नक्सामा एकरुपता नभएको देखिएमा मालपोत कार्यालयले नापी नक्सामा सुधार गर्न नापी विभागमा लेखी पठाउनु पर्नेछ र त्यसरी लेखी आएपछि नापी विभागले नापी नक्सामा आवश्यक सुधार गर्नु गराउनु पर्नेछ ।" भन्ने कानूनी व्यवस्था विपरीत उक्त नक्सा संसोधनको लागि नापी विभागमा स्वीकृतिका लागि नपठाई जानीजानी राष्ट्रसेवक कर्मचारी र कम्पनीहरुवीच गैर कानूनी लाभ लिई दिई गैर कानूनी तवरले सरकारी सम्पत्ति हानी नोक्सानी पुऱ्याउने उद्देश्यले मालपोत कार्यालय, ललितपुरले नापी कार्यालय, ललितपुरमा पठाएको र सो नापी कार्यालयमा तत्काल कार्यरत कार्यालय प्रमुख बुद्धिमान जैसी, नापी अधिकृत बालेश्वर यादव र सर्भेक्षक केशब थापा मगरले आफ्नो तालुक विभागबाट स्वीकृत नभई नगराई प्रकृया नपुऱ्याई मालपोत कार्यालय,ललितपुरले पठाएको सो गलत पत्रलाई आधार मानी गैरकानूनी तरिकाले आफ्नो पद र ओहदाको दुरुपयोग गरी गैरकानूनी लाभ लिई दिई दिलाई उक्त जग्गाको भोग अनुसारको भनी छुटै फायल नक्सा बनाउने, उक्त कित्ता जग्गाहरुको नक्सा एकीकरण गरी नयाँ कित्ता कायम गर्ने भनी उक्त कर्मनासा खोलाको सरकारी जग्गालाई व्यक्तिको जग्गामा घुसाई नापी कार्यालय ललितपुरमा कार्यरत सर्भेक्षक केशब थापा मगर, प्रमुख नापी अधिकृत बुद्धिमान जैसी र नापी अधिकृत बालेश्वर यादव जना ३ भई सो भोग बमोजिमको नक्सा संशोधन र कित्ता एकीकरण तथा गलत फाईल नक्सा मिति २०७०/०६/२१ मा तयार गरी मालपोत कार्यालय, ललितपुरमा ऐ.२३ गते पठाएकोमा उक्त मालपोत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कार्यालय, ललितपुरमा तत्काल कार्यरत कर्मचारी उपसचिव बाबुराम खनाल, ना.सु. ख्याम नारायण पौडेल, ना.सु. दिनेश नेउपाने, खरिदार आत्माराम लुइटेल जना ४ ले सो फाइल नक्सालाई मिति २०७०/०६/२३ गतेको टिप्पणी निर्णयमा सहीछाप गरी सदर गरिदिएको समेतका तथ्य प्रमाणहरुबाट सरकारी सम्पत्तिको संरक्षण गर्ने प्रमुख दायित्व भएको मालपोत तथा नापी कार्यालयमा कार्यरत यी राष्ट्रसेवक कर्मचारीहरुकै मिलेमतोमा उक्त कर्मनासा खोलाको सरकारी जग्गा व्यक्तिको नाममा घुसाई सार्वजनिक सम्पतीको हानी नोक्सानी गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा निजहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण छ ।<br>• नापी कार्यालय ललितपुरले मिति २०६४।०७।२२ को टायल चेक र सोही आधारमा भई आएको बढ जग्गाको राजश्व समेत असुल गर्नु भनी मिति २०६४।०८।२० मा मालपोत कार्यालय, ललितपुरबाट भएको निर्णयको आधारमा जग्गा कित्ता एकीकरण समेत गर्ने गरी मिति २०७०/०६/२३ गतेको टिप्पणी आदेशमा सहिछाप गरी सो फाईल नक्सालाई सदर गरी सोको आधारमा जग्गाधनी दर्ता श्रेस्ता समेत तयार गरेको देखिएको भन्ने आधार उल्लेख गरी मिति २०७०/०६/२३ को निर्णय प्रकृयामा सम्लग्न यी राष्ट्रसेवक कर्मचारी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला मिसिल संलग्न वस्तुनिष्ठ सबुद एवं प्रमाणबाट स्वतः वदरभागी छ । प्रतिवादी सर्भेक्षक केशब थापासमेतले उक्त जग्गाको २०६४ सालमा टायल चेक आफुले गरेको र सो आफूले बनाएको सो फाईल नक्सा तत्कालीन नापी अधिकृत भिष्म कार्कीले सदर गरेको हो भनी बयान गरेको देखिएको, उक्त मिति २०६४।०७।२२ को टायल चेक गर्दा उक्त जग्गामा सरकारी/सर्वजनिक जग्गा घुसेको छैन भनी टायल चेक सहितको पत्राचार तत्कालीन नापी अधिकृत भिष्म कार्की र सर्भेक्षक केशब थापाले गरेको देखिएको, निज मध्येका नापी अधिकृत भिष्म कार्कीको प्रस्तुत आरोपपत्र दायर हुँदाको अवस्थामा मृत्यु भईसकेको देखिएकोले निजको विरुद्धमा मुद्दा नचालाईएको, नापी कार्यालय ललितपुरले टायलचेक गरी सार्वजनिक, पर्ती ऐलानी जग्गा नपर्ने भनी बढ जग्गा कायम गरी गलत टायलचेक गरेको पाइएको देखिएकोले सो कार्यमा मालपोत कार्यालय, ललितपुरमा तत्काल कार्यरत ध्रुव प्रसाद रेग्मी, देवी बहादुर भण्डारी, केशव प्रसाद नेउपाने, भरत प्रसाद आचार्य र दामोदर कोइरालाको संलग्नता पुष्टि हुने आधार प्रमाण नदेखिएको हुँदा निजहरुको हकमा मुद्दा नचलाउने गरी आयोगबाट मिति २०७७।०९।२१ मा निर्णय भएकोमा यी प्रतिवादी केशब थापा उक्त मिति २०६४।०७।२२ को टायल चेकमा र मिति २०७०/०६/२३ को निर्णय प्रकृयामा समेत सम्लग्न भई आरोपित कसूर गरेको पुष्टि भएकोमा निज सर्भेक्षक केशब थापालाई समेत सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण छ । साथै, कोही कुनै व्यक्ती प्रतिवादी बनाउनु पर्ने भन्ने अनुभूति हुँदैमा कसूरमा संलग्न अन्य व्यक्तिको कसूर मर्ने वा दायित्वबाट उन्मुक्ती पाउने भन्ने हुँदैन ।<br>• तसर्थ, नापी कार्यालय, ललितपुर तथा मालपोत कार्यालय, ललितपुरका तत्कालीन समयका नापी अधिकृत बुद्धिमान जैसीसमेतका राष्ट्रसेवक कर्मचारी, यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि.का संचालक अध्यक्ष गुनीकाजी मानन्धरसमेतका संचालक र काठमाडौं हस्पिटल प्रा.लि.का संचालक अध्यक्ष डा. श्याम बहादुर कर्माचार्यसमेतका संचालकहरूको एकआपसमा मिलेमतो तथा प्रत्यक्ष संलग्नतामा उक्त कि.नं. २०५, १००५ र ४८६ को सरकारी जग्गाबाट जम्मा क्षेत्रफल ८-१२-३-२ (आठ रोपनी बाह्र आना तीन पैसा दुई दाम) कर्मनासा खोलाको सरकारी सार्वजनिक जग्गा फाइल नक्सा बनाउने बाहनामा जम्मा क्षेत्रफल ८-१२-३-२ उक्त कम्पनीहरूको जग्गामा घुसाई सरकारी सम्पत्तिको हिनामिना गरी जम्मा रू.२,०२,३३,६७१.८८ (अच्छेरुपी दुई करोड दुई लाख तेत्तीस हजार छसय एकहत्तर रूपैया पैसा अठासी) बराबरको जग्गा हिनामिनासमेत गरी गैरकानूनी तथा भ्रष्टाचारजन्य कार्य गरेको मिसिल संलग्न उक्त जग्गाको साविकको सर्भे नक्सा, हालको नक्सा, दर्ता श्रेष्ताको प्रतिलिपीहरु, सरकारी सार्वजनिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | जग्गा मिसिएको क्षेत्रफल सहितको जग्गाको कित्ताको विवरण सहितको नापी विभागको पत्र, प्रतिवेदक रेशम बहादुर पराजुली समेतले गरेको बकपत्र समेतबाट स-प्रमाण पुष्टि भएकोमा यी प्रतिवादीहरु नापी कार्यालय प्रमुख बुद्धिमान जैसी, नापी अधिकृत बालेश्वर यादव र सर्भेक्षक केशव थापा मगर तथा मालपोत कार्यालय, ललितपुरका कार्यालय प्रमुख उपसचिव बाबुराम खनाल, ना.सु. ख्याम नारायण पौडेल, ना.सु. दिनेश न्यौपाने र खरिदार आत्माराम लुईटेलले आरोप दाबीबाट सफाइ पाउने ठहर गरी भएको उक्त फैसला मिसिल संलग्न प्रमाण मूल्यांकनको आधारमा त्रुटिपूर्ण छ ।<br>• **हाल कायम जग्गाधनीहरू ज्योत्सना जोशीसमेत ३२ जना जग्गाधनी तथा निजहरूको जग्गा समेतका हकमा :-** मिसिल संलग्न उक्त जग्गाको साविकको सर्भे नक्सा, हालको नक्सा, दर्ता श्रेष्ताको प्रतिलिपीहरु, सार्वजनिक जग्गा मिसिएको क्षेत्रफल सहितको जग्गाको कित्ताको विवरण सहितको नापी विभागको पत्र, प्रतिवेदक रेशम बहादुर पराजुली समेतले गरेको बकपत्र समेतका कागज प्रमाणहरुबाट उक्त कि.नं. २०५, १००५ र ४८६ को सरकारी जग्गाबाट जम्मा क्षेत्रफल ८-१२-३-२ (आठ रोपनी बाह्र आना तीन पैसा दुई दाम) जग्गा उक्त कम्पनीहरुको नामको जग्गामा घुसाई बढ कायम हुने गरी निर्णय गरेको देखिई उक्त जग्गा जफतको दावी लिई आरोपपत्र दायर भएकोमा हचुवाको भरमा जम्मा क्षेत्रफल ५-९-०-० जग्गा मात्र जफत हुने ठहर गरी भएको फैसला सो हद सम्म त्रुटिपूर्ण भएकोले वदर गरी उक्त जम्मा क्षेत्रफल ८-१२-३-२ (आठ रोपनी बाह्र आना तीन पैसा दुई दाम) सरकारी/ सार्वजनिक जग्गा समेत जफत गरिपाउँ।<br>• **साथै, मालपोत कार्यालय ललितपुरबाट मिति २०६४।०८।२० मा भएको निर्णय प्रकृयामा संलग्न पदाधिकारी र व्यक्तिहरुको हकमा पुनःअनुसन्धान गर्नु भनी यस आयोगको नाममा जारि भएको निर्देशनात्मक आदेशको सम्वन्धमा**,<br>• उक्त मिति २०६४/०५/२० गते टायल चेक गरी पठाइदिने बेहोराको पत्र मालपोत कार्यालय, ललितपुरमा पठाएकोमा सो मालपोत कार्यालयले टायल चेकको लागि नापी कार्यालय, ललितपुरलाई अनुरोध गरेकोमा नापी कार्यालय, ललितपुरले टायलचेक गर्दा सार्वजनिक जग्गा नपर्ने भनी बदनियतपूर्वक खोलाको जग्गालाई बढ जग्गा कायम गरी पत्रसमेत मालपोत कार्यालय, ललितपुरलाई पठाई सो अनुरूपको बढजग्गा कायम भएकोमा टायलचेक गर्ने अधिकार नापी कार्यालयलाई भएको र नापी कार्यालय ललितपुरले टायलचेक गरी सार्वजनिक, पर्ती ऐलानी जग्गा नपर्ने भनी बढ जग्गा कायम गरी गलत टायलचेक गरेको पाइएको देखिएकोले सो कार्यमा मालपोत कार्यालय, ललितपुरमा तत्काल कार्यरत ध्रुव प्रसाद रेग्मी, देवी बहादुर भण्डारी, केशव प्रसाद नेउपाने, भरत प्रसाद आचार्य र दामोदर कोइरालाको संलग्नता पुष्टि हुने आधार प्रमाण नदेखिएको हुँदा निजहरुको हकमा मुद्दा नचलाउने गरी आयोगबाट मिति २०७७।०९।२१ मा निर्णय भएको देखिएको।<br>• नेपालको संविधानको धारा २३९ बमोजिम संविधान प्रदत्त अधिकार बमोजिम आयोगबाट प्रस्तुत मुद्दाको अनुसन्धान भई प्राप्त प्रमाणका आधारमा उक्त मिति २०६४।०८।२० मा मालपोत कार्यालय ललितपुरबाट भएको निर्णय प्रकृयामा संलग्न पदाधिकारी र व्यक्तिहरुको हकमा मुद्दा नचलाउने गरी यस आयोगबाट निर्णय भएको देखिएको र प्रस्तुत मुद्दाको कारवाहीको क्रममा निज व्यक्तिहरुको विरुद्धमा कुनै पनि थप प्रमाण फेला परेको भन्ने नदेखिएको अवस्थामा विशेष अदालतबाट प्रस्तुत मुद्दा फैसला गर्दा निज व्यक्तिहरुको हकमा पुनःअनुसन्धान गर्नु भनी यस आयोगको नाममा निर्देशनात्मक आदेश जारी गरेको देखिएको र भ्रष्टाचार समेतका कसूरमा मुद्दाको शुरु कारवाही र किनारा गर्ने गरी तोकिएको क्षेत्राधिकार प्राप्त उक्त विशेष अदालतबाट संवैधानिक तथा कानूनी आधार उल्लेख नगरी जारी गरिएको उक्त निर्देशनात्मक आदेश समेत त्रुटीपूर्ण रहेको।<br>• अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न उक्त जग्गाको साविकको सर्भे नक्सा, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | हालको नक्सा, दर्ता श्रेष्ताको प्रतिलिपीहरु, सरकारी सार्वजनिक जग्गा मिसिएको क्षेत्रफल सहितको जग्गाको कित्ताको विवरण सहितको नापी कार्यालय ललितपुरको पत्र, प्रतिवेदक रेशम बहादुर पराजुली समेतले गरेको बकपत्र समेतका कागज प्रमाणहरुबाट यूरो हाउजिङ्ग डेभलपर्स कम्पनी समेतका सञ्चालकहरु, काठमाडौं हस्पिटल प्रा.लि.का सञ्चालकहरु, राष्ट्रसेवक कर्मचारीहरु समेतका प्रतिवादीहरुको मिलेमतोमा उक्त कर्मनासा खोलाको कि.नं. २०५, १००५ र ४८६ को सरकारी जग्गाबाट कम्पनीहरुको जग्गामा जम्मा क्षेत्रफल ८-१२-३-२ (आठ रोपनी बाह्र आना तीन पैसा दुई दाम) सार्वजनिक जग्गा घुसाई बढ कायम हुने गरी निर्णय गरेको देखिई उक्त जग्गा जफतको दावी लिई आरोपपत्र दायर भएकोमा हचुवाको भरमा जम्मा क्षेत्रफल ५-९-०-० जग्गा मात्र जफत हुने ठहर गरी उक्त हाउजिङ्ग कम्पनीको सञ्चालकहरुलाई मात्र कसूर ठहर गरी अन्य प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण रहेको। |